# संघीय संसद
# राष्ट्रिय सभा
# राष्ट्रिय सरोकार तथा समन्वय समिति

बैठक संख्याः १८४
मिति २०८०/०३/१७
समयः दिनको १:०० बजे
प्रारम्भ: दिनको १:१० बजे
अन्त्य: दिनको २:३५ बजे

**छलफल तथा निर्णय** :-

समितिको आज मिति २०८०/०३/१७ गते बसेको बैठकमा विभिन्न निकायबाट समितिको कार्यक्षेत्र भित्रका विषयमा प्राप्त विवरण, स्थलगत अध्ययन अवलोकनका प्रतिवेदन एवं अन्तर्क्रिया कार्यक्रम सम्बन्धमा छलफल भई देहाय बमोजिम निर्णय भयोः

१. समितिले मिति २०८०/०२/३२ देखि ०३/०१ गतेसम्म राष्ट्रिय गौरवको आयोजना सुनकोशी मरिन डाईभर्सन स्थलगत अध्ययन अवलोकनका सम्बन्धमा तयार प्रतिवेदन समितिले परिमार्जन सहित पारित गर्यो।

२. समितिको मिति २०८०/०२/२३ गतेको बैठकको निर्णयानुसार समितिको कार्यसम्पादन प्रभावकारीताको सम्बन्धमा २०८० सालको जेठ/असार महिनाभित्र दुई दिने आवासीय अन्तर्किया कार्यक्रम गर्ने निर्णय भएको र सोहि कार्यक्रममा सो विषयका अतिरिक्त देहायका विषयमा संविधान सभाका सदस्य माननीय जनत जोशीलाई विज्ञका रुपमा आमन्त्रण गरी समितिको कार्यक्षेत्रमा केन्द्रित रहि छलफल तथा अन्तर्क्रिया गर्ने निर्णय भयोः

- समितिको कार्यक्षेत्रभित्रका विषयमा समितिका माननीय सदस्यको भूमिका,
- संसदीय अध्ययन तथा अनुगमन र निर्देशनलाई प्रभावकारी बनाउन केन्द्रित हुनुपर्ने विषय प्रकृया र तरीका
- संसदीय समितिलाई प्रभावकारी बनाउन सरकारले खेल्ने भूमिका, समितिको कामकारवाहीलाईप्रभावकारी बनाउन समिति सदस्य र सचिवालयको भूमिका र

३. समितिको कार्यसम्पादन प्रभावकारीता र उपसमितिको प्रारम्भीक मस्यौदा तयारीका लागि एक आवासीय कार्यक्रम सञ्चालनको व्यवस्थापकिय तयारी गर्न समिति सचिवालयलाई निर्देशन दिने । समितिका आगामी बैठक अर्को सूचना भएपछि बस्नेगरी आजको बैठक अन्त्य भयो ।

४. समितिको आगामी बैठक अर्को सूचना भएपछि बस्ने गरि आजको बैठक अन्त्य भयो।

(सीता काफ्ले वाग्ले) (दिल कुमारी रावल थापा

(पार्वती))

समिति सचिव सभापति